apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र




● वर्ष: १२ ● अंक: २४६ ● पृष्ठ: ४ ● ०५ असोज २०८३ सोमबार (21 September 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सिरहा नगरको नेतृत्वमा युवा पुस्ताको दाबी, बहस चर्किंदै

### पुरानो शैली होइन, नयाँ सोच र सुशासनको एजेन्डा अधि सार्दै युवा नेतृत्वको खोजी

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०४ गते**

आगामी स्थानीय तह निर्वाचन नजिकिँदै गर्दा सिरहा नगरपालिकाको नेतृत्वमा युवा पुस्ताको सहभागिता र नयाँ नेतृत्वबारे स्थानीयस्तरमा बहस तीव्र बनेको छ।

सामाजिक सञ्जालमा सार्वजनिक भइरहेका सामग्रीमार्फत नगरको आगामी नेतृत्वमा युवा सोच, स्पष्ट कार्ययोजना, विकासको दृष्टिकोण र सुशासनलाई प्राथमिकता दिनुपर्ने आवाज उठ्न थालेको छ। नेतृत्व छनोट गर्दा व्यक्ति वा दलको आधारमा मात्र नभई नीति, कार्यक्रम, क्षमता, विगतको कार्यसम्पादन र जनताप्रतिको जवाफदेहितालाई समेत आधार बनाउनुपर्ने धारणा सार्वजनिक भइरहेका छन्।




नगरको विकास, प्रभावकारी सेवा प्रवाह र सुशासनप्रति युवापुस्ताको अपेक्षा बढिरहेका बेला आगामी नेतृत्वमा नयाँ पुस्ताको भूमिका कस्तो हुने भन्ने विषयले सिरहामा राजनीतिक तथा सामाजिक बहसको रूप लिन थालेको हो।

यसैबीच निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचनका लागि तयारी अघि बढाएको जनाएको छ। आयोगका अनुसार स्थानीय तहका निर्वाचित प्रतिनिधिको कार्यकाल सकिनुअघि नै निर्वाचन सम्पन्न गर्ने गरी तयारी भइरहेको छ। २०७९ वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको कार्यकाललाई ध्यानमा राख्दै आयोगले निर्वाचनसम्बन्धी तयारी अघि बढाएको हो।

निर्वाचनको मिति र नेतृत्वको विषयसँगै सिरहा नगरपालिकामा 'कस्तो नेतृत्व ?' 'कस्तो विकास?' र 'कस्तो शासन ?' भन्ने प्रश्न पनि बहसको केन्द्रमा आउन थालेको छ।

सार्वजनिक सामग्रीमा "निर्णय जनताको, भविष्य सिरहाको" भन्ने सन्देश दिँदै व्यक्ति र दलभन्दा माथि उठेर तथ्य, एजेन्डा र कार्ययोजनाका आधारमा बहस गर्न आह्वान गरिएको छ।

## छात्रावासबाट भागेको भन्दै ११ वर्षीय विद्यार्थीमाथि निर्घात कुटपिट

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०४ गते**

सिरहाको लहानस्थित एक निजी विद्यालयमा छात्रावासबाट भागेको भन्दै ११ वर्षीय विद्यार्थीमाथि कुटपिट गरिएको घटना सार्वजनिक भएको छ।

लहान नगरपालिका-४ स्थित इन्द्रेणी स्कुल प्रालिमा अध्ययनरत सप्तरीको बलान-बिहुल गाउँपालिका-४ का सोनु मण्डललाई छात्रावासबाट पटक-पटक भागेको भन्दै विद्यालयका शिक्षकले कुटपिट गरेको बताइएको छ। घटनापछि बालकलाई परिवारजनले घर लगेर उपचार गराइरहेका छन्।




विद्यालयका संस्थापक देवेन्द्र साहले बालक छात्रावासबाट पटक-पटक भाग्ने गरेको र पछिल्लो पटक भागेका बेला प्रहरीले फेला पारेपछि विद्यालयलाई समेत समस्या भएको बताए। उनका अनुसार भारतमा काम गर्दै आएका बालकका बुवासँग सम्पर्क गरी उनलाई विद्यालयमा

बाँकी पृष्ठ २ ▸▸

## उद्योगीलाई अप्ठेरो पर्दा मधेश सरकार साथमै हुन्छ : अर्थमन्त्री भट्टराई

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०४ गते**

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले उद्योगी-व्यवसायीलाई अप्ठेरो



पर्दा प्रदेश सरकार अभिभावकका रूपमा साथमा रहने बताएका छन्।

नेपाल इँटा उद्योग महासङ्घ मधेश प्रदेशको जनकपुरमा सम्पन्न चौथो वार्षिक साधारणसभालाई आइतबार सम्बोधन गर्दै मन्त्री भट्टराईले प्रदेश सरकारको भूमिका कर सङ्कलनमा मात्र सीमित नरहेको बताए। उद्योगी-व्यवसायीका समस्या समाधानका लागि सरकार निरन्तर

बाँकी पृष्ठ ३ ▸▸

## रास्वपा मधेश विवाद: अडिट समितिले संक्षिप्त प्रतिवेदन बुझायो



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०४ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को मधेश विवादबारे छानबिन गर्न गठन भएको अडिट टिमले आफ्नो संक्षिप्त प्रतिवेदन बुझाएको छ।

सहमहामन्त्री हरि ढकाल नेतृत्वको अडिट टिमले आइतबारको सचिवालय बैठकमा छानबिन प्रतिवेदन बुझाएको प्रवक्ता जगदीश खरेलले जानकारी दिए।

'मधेश प्रदेशमा अधिवेशन गर्नुपर्ने भएको छ। मधेश प्रदेशमा हाम्रा आन्तरिक समस्याहरू भएको कारणले गर्दा सहमहामन्त्री हरि ढकालको नेतृत्वमा त्यहाँ छानबिन गर्ने अडिट टिम गएको थियो। उहाँहरूले आफ्नो प्रतिवेदन बुझाउनुभएको छ,' बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै प्रवक्ता खरेलले भने।

छानबिनको विस्तृत प्रतिवेदन भने अर्को बैठकमा प्रस्तुत हुने उनले जानकारी दिए। उनले भने, 'विस्तृत प्रतिवेदन भने अर्को बैठकमा तयार पारेर बुझाउने कुरा उहाँले भन्नुभएको छ।'

रास्वपाको प्रथम महाधिवेशन गत असार दोस्रो साता चितवनमा सम्पन्न भएको थियो। तर मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा बाहेकका अन्य सात वटा जिल्लामा अझैसम्म अधिवेशन हुन सकेको छैन।

यही सन्दर्भमा छानबिन गर्न भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले पार्टीका सहमहामन्त्री ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको थियो।


## किन तानिए सिरहाका सिडिओ पौडेल ?

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०४ गते**

सिरहामा भएको गोलीकाण्डबारे गठित छानबिन समितिले प्रमुख जिल्ला अधिकारी(सिडिओ) सुरेन्द्र पौडेलसमेतलाई कारबाहीका लागि सिफारिस गरेको विवरण सार्वजनिक भएपछि गृह मन्त्रालयले उनलाई सिरहाबाट फिर्ता बोलाएको छ। मन्त्रालय तानिएपछि पौडेललाई हाल अतिरिक्त समूहमा राखिएको छ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार गृहमन्त्री सुधन गुरुङस्तरीय निर्णयबाट पौडेललाई मन्त्रालयमा तानिएको हो। उनलाई तत्काल कुनै जिम्मेवारी नदिई मन्त्रालयको अतिरिक्त समूहमा राखिएको मन्त्रालय स्रोतले जनाएको छ।

सिरहाबाट विदाइ हुने क्रममा जिल्ला प्रशासन कार्यालयमा आयोजित कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, सरकारी कर्मचारी तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरू सहभागी भएका थिए। सहभागीहरूले पौडेलको कार्यकालको



स्मरण गर्दै आगामी जिम्मेवारीका लागि शुभकामना दिएका थिए।

पौडेलले २०८२ कात्तिक १९ गतेदेखि सिरहाको प्रमुख जिल्ला अधिकारीका रूपमा जिम्मेवारी सम्हाल्दै आएका थिए।

**गोलीकाण्डको छानबिनमा पौडेलको भूमिकामाथि प्रश्न**

सिरहाको गोलबजारमा भएको गोलीकाण्डको छानबिन गर्न गृह मन्त्रालयले सहसचिव पुष्पराज शाहीको नेतृत्वमा समिति गठन गरेको थियो। समितिले घटनाको सुरक्षा परिचालन, बल प्रयोग, गोली चलेको अवस्था तथा सम्बन्धित अधिकारीहरूको भूमिकालगायत विषय अध्ययन गरी प्रतिवेदन बुझाएको थियो।

उक्त प्रतिवेदनले सिरहा घटनामा प्रमुख जिल्ला अधिकारी पौडेलसहित जिल्ला प्रहरी प्रमुख बासुदेव पाठक, डीएसपी रमेश पाल र इलाका प्रहरी कार्यालय गोलबजारका तत्कालीन प्रहरी निरीक्षक सुदन केसीमाथि विभागीय कारबाहीका लागि सिफारिस

बाँकी पृष्ठ ४ ▸▸

**विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?**

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ।
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं।
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं।
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं।
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं।

**विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## मधेशमा आत्महत्याका घटना बढ्दै




**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०४ गते**

पछिल्लो समय मधेश प्रदेशका जिल्लामा आत्महत्या गर्ने प्रवृत्ति बढ्दै गएका छन्। प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनाको अवधिमा मधेशका विभिन्न जिल्लामा गरी २५० जनाले आत्महत्या गरेका छन्।

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# जनकपुरधाम अब संरक्षित स्मारक क्षेत्र

## विश्व सम्पदा सूचीमा प्रवेश पाउने बाटो खुल्दै

**वीरेन्द्र रमण**



सरकारले प्राचीन, धार्मिक तथा सांस्कृतिक सहर जनकपुरधामलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले गरेको निर्णय र त्यससम्बन्धी सूचना राजपत्रमा प्रकाशित भएपछि जनकपुरधामलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने यहाँका बासिन्दाको लामो समयदेखिको चाहना पूरा हुने आधार तयार भएको छ।

जनकपुरधामको प्रसिद्ध जानकी मन्दिरलाई युनेस्कोको सम्भावित विश्व सम्पदा सूचीमा यसअघि नै समावेश गरिसकिएको थियो। तर क्षेत्रगत संरक्षणसम्बन्धी ऐन र एकीकृत व्यवस्थापन योजनाको अभावमा पूर्ण सूचीकृत प्रक्रिया अघि बढ्न सकेको थिएन। जानकी मन्दिर र राम मन्दिरसहित विभिन्न पोखरीलाई आधार मानेर चार किल्ला तोकी जनकपुरधामलाई संरक्षित क्षेत्र घोषणा गरिएको हो।

### चार किल्ला तोकेर संरक्षित क्षेत्र घोषणा

१ असोजमा राजपत्रमा यससम्बन्धी सूचना प्रकाशित गरिएको छ। तोकिएको किल्लामा पूर्वतर्फ जनकपुर भानु चोक, कदम चोक, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय हुँदै दक्षिण दिशातर्फ गएको सडक तथा परिक्रमा पथ, पश्चिममा भ्रमपुरा चोक हुँदै पश्चिमतर्फ गएको याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकूप, हनुमान मन्दिर हुँदै उत्तर दिशातर्फ गएको परिक्रमा पथ, उत्तरतर्फ हनुमान मन्दिर, पिडारी चोक हुँदै गएको मधेस प्रदेश भवन, मिल्स एरिया, भानु चोकसम्मको परिक्रमा पथ र दक्षिणतर्फ जनकपुरको मुरली चोक हुँदै भ्रमपुरा चोकसम्म गएको परिक्रमा पथ सडकलाई आधार मानिएको छ।

मुख्य रूपमा परिक्रमा सडक, जानकी मन्दिर, राम मन्दिर तथा महत्वपूर्ण पोखरीलाई आधार लिएर संरक्षित क्षेत्र निर्धारण गरिएको हो।

### जानकी र राम मन्दिरसँग जोडिएको इतिहास

जनकपुरधामका राम मन्दिर र जानकी मन्दिरलाई आधुनिक जनकपुरधामको आधार मानिन्छ। राम मन्दिरका आदि महन्थ चर्तुभुज गिरि र जानकी मन्दिरका आदि महन्थ सुरकिशोर दासले आधुनिक जनकपुरधामको जग बसालेका थिए। १७औँ शताब्दीमा भारतको लोहागढका सन्त सुरकिशोर दास जनकपुर आएर तपस्या गरेका थिए। भारतको टीकमगढकी महारानी वृषभानु कुमारी निःसन्तान थिइन्। उनले जनकपुरधाम आएर सन्तान प्राप्तिको कामना गरेपछि सो पूरा भएको र त्यसपछि विसं १९५२ मा जानकी मन्दिर निर्माण गराएको बताइन्छ।

त्यसैगरी राम मन्दिरका महन्थ चर्तुभुज गिरि कहिले जनकपुरधाम आएका हुन् भन्ने एकिन प्रमाण नभए पनि उनले स्थापना गरेको राम मन्दिरलाई मकवानपुरका राजा इन्द्र विधातासेनले विसं १८३१ मा कुशबिर्ता दिएका थिए। हालको मन्दिरको निर्माण विसं १८३९ मा काजी अमरसिंह थापाले गराएका थिए। पुरातत्त्व विभागको 'धनुषा जिल्लाका धार्मिक सांस्कृतिक सम्पदाहरूको सर्वेक्षण' नामक प्रतिवेदनमा महन्थ गिरिको आगमन १६औँ शताब्दीतिर भएको उल्लेख गरिएको छ।

### दशकौँदेखिको अभियानले पायो गति

संरक्षित क्षेत्रका रूपमा सूचीकृत भएपछि जनकपुरधामवासीको वर्षौंदेखिको चाहना पूरा हुने आशा पलाएको छ। जानकी मन्दिरसहित जनकपुरधामलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन जनकपुरधामवासीले लामो समयदेखि अभियान चलाउँदै आएका थिए। हरेक निर्वाचनमा राजनीतिक दलका लागि समेत यो विषय प्रमुख मुद्दा बन्दै आएको थियो। अहिले आएर उक्त अभियानले सार्थक रूप लिने आधार तयार भएको छ।

सरकारको यो निर्णयले जनकपुरधामको सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न महत्वपूर्ण आधार तयार गरेको पुरातत्त्वविद् गोपाल झाको भनाइ छ। उनका अनुसार अब स्थानीय तह, गुठी संस्थान र सर्वसाधारण मिलेर एकीकृत गुरुयोजनाका साथ अघि बढ्न आवश्यक छ।

उनले जनकपुरधामलाई संरक्षित क्षेत्र घोषणा गराउने पहल आजदेखि नभई करिब २० देखि ३० वर्षदेखि उठ्दै आएको बताए। अहिले आएर संरक्षण क्षेत्र घोषणा भएपछि त्यसले सार्थक स्वरूप पाउने सम्भावना बढेको उनको भनाइ छ।

### धार्मिकसँगै सांस्कृतिक सहरको पहिचान

जनकपुरधाम केवल धार्मिक आस्थाको केन्द्र मात्र नभई मिथिला कला, वास्तुकला र ऐतिहासिक सम्पदाको अद्वितीय संगम हो। मिथिलाको प्राचीन राजधानीका रूपमा रहेको यो सहर धार्मिकसँगै सांस्कृतिक सहर पनि हो। मिथिला चित्रकलाको सुरुवात जनकपुरधामको मिथिला संस्कृतिसँग जोडिन्छ, जसले आज विश्वभर आफ्नो पहिचान बनाएको छ।

जनकपुरधामका पोखरीहरू धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिन्छन्। धेरै पोखरी भएको सहरका रूपमा समेत जनकपुरधामलाई चिनिन्छ। पोखरी र कुटी (मठमन्दिर) भएको सहरका रूपमा जनकपुरधामको छुट्टै पहिचान छ।

जनकपुरधामको प्राचीन परिचयसँग जोडिएको भनाइ छ–'५२ कुटी, ७२ कुण्डा, घुम्छन् सन्त झुण्डका झुण्ड।' अर्थात् यहाँ ५२ वटा कुटी र ७२ वटा पोखरी रहेको तथा साधुसन्तहरू समूह बनाएर घुम्ने गरेको जनविश्वास छ।

संरक्षित स्मारक क्षेत्र घोषणा भएपछि यस क्षेत्रको विकास र संरक्षणमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। जानकी मन्दिर, राम मन्दिर, विभिन्न ऐतिहासिक पोखरी (तलाव) तथा गुठीका संरचनाहरूको मूल स्वरूप बिग्रन नदिने गरी नियमन गर्न सकिनेछ।

### संरक्षणसँगै विकासको अपेक्षा

अब स्मारक क्षेत्रभित्र निर्माण हुने नयाँ भौतिक संरचना तथा भवनका लागि प्राचीन मिथिला वास्तुकला र उचाइसम्बन्धी निश्चित मापदण्ड लागू हुने अपेक्षा गरिएको छ।

राम मन्दिरका महन्थ राम गिरिले सरकारले गरेको निर्णय ढिलै भए पनि जनकपुरधामका लागि महत्वपूर्ण भएको बताए। जनकपुरधाम धार्मिक नगरी भएकाले यसको विकास पनि धार्मिक महत्वलाई आधार बनाएर गरिएमा त्यसले जनकपुरधामको विकासमा कोशेढुंगा साबित हुने उनको भनाइ छ।

जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले सरकारको संरक्षित क्षेत्र घोषणा गर्ने निर्णय जनकपुरधामको विकासका लागि निकै महत्वपूर्ण रहेको बताए। उनले उपमहानगरपालिकाले आफ्नो तर्फबाट गर्नुपर्ने काम अघि बढाउने बताउँदै सबै मापदण्ड पूरा

बाँकी पृष्ठ ३ ▶▶

## सम्पादकीय...

### अपराधमा कारबाही

सिरहामा सशस्त्र प्रहरी नायब निरीक्षक (सई) लक्ष्मणप्रसाद यादवको मृत्यु भएको घटनाका मुख्य प्रतिवादी करिब २२ महिनापछि पक्राउ परेको छ। यसले अपराध गरेर लामो समय फरार हुँदैमा कानुनको पहुँचबाट सधैं उम्किन सकिँदैन भन्ने कुरालाई स्थापित गरेको छ। तर यस घटनाले सुरक्षा निकाय र राज्य संयन्त्रका अगाडि अर्को गम्भीर प्रश्न पनि खडा गरेको छ। अपराधमा संलग्न व्यक्तिलाई समयमै कानुनी दायरामा ल्याउन किन यति लामो समय लाग्यो ? २०८१ मंसिर १६ गते बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमाक्षेत्रमा मदिरा तस्करी नियन्त्रणका क्रममा खटिएका सशस्त्र प्रहरी नायब निरीक्षक लक्ष्मणप्रसाद यादवको ज्यान गएको थियो। ड्युटीमा खटिएका सुरक्षा कर्मचारीलाई गाडीले ठक्कर दिँदा उनको मृत्यु भएको र घटनापछि संलग्न व्यक्तिहरू फरार भएको थियो। हाल पक्राउ परेका मोहम्मद कुरवान मंसुरी उक्त घटनामा प्रयोग भएको टाटा सफारीका धनी तथा चालक रहेको प्रहरीको दाबी छ।

लामो समयपछि भए पनि मुख्य प्रतिवादी पक्राउ पर्नु अनुसन्धान र कानुनी प्रक्रियाका लागि महत्वपूर्ण कदम हो।यस्ता घटनाले सीमावर्ती क्षेत्रमा हुने तस्करी, संगठित अपराध र सुरक्षा चुनौती कति गम्भीर छन् भन्ने देखाउँछन्। तर पक्राउपछि मात्रै राज्यको जिम्मेवारी पूरा हुँदैन्। घटनाको निष्पक्ष अनुसन्धान, प्रमाणको वैज्ञानिक संकलन, संलग्न सबै व्यक्तिको पहिचान तथा कानुनअनुसार अभियोजन र न्यायिक प्रक्रिया अगाडि बढाउनु आवश्यक छ। अपराधको प्रकृति जस्तोसुकै भएपनि अनुसन्धान प्रमाणमा आधारित हुनुपर्छ र दोषी वा निर्दोषको अन्तिम निर्णय अदालतको प्रक्रियाबाट हुनुपर्छ। विशेषगरी सीमावर्ती जिल्लामा अपराध गरेर सीमा पार गर्ने, लामो समय लुकेर बस्ने र पुनः आपराधिक गतिविधिमा संलग्न हुने प्रवृत्ति नियन्त्रण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक छ। फरार अभियुक्तको खोजीमा सूचना संयन्त्रलाई प्रभावकारी बनाउने, सीमा क्षेत्रमा निगरानी बढाउने तथा अन्तरदेशीय अपराध नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने कामलाई प्राथमिकता दिनुपर्छ। अर्कोतर्फ, अपराधीलाई राजनीतिक, आर्थिक वा सामाजिक पहुँचका आधारमा संरक्षण गर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ। कुनै व्यक्ति प्रभावशाली छ, पहुँचवालासँग निकट छ वा लामो समयसम्म पक्राउ परेन भन्दैमा उसलाई कानुनभन्दा माथि राख्न मिल्दैन्। कानुन सबैका लागि समान हुनुपर्छ।

अपराध नियन्त्रणको अर्थ पक्राउ गर्नु होइन। अपराध हुन नदिनु, अपराध भए तत्काल अनुसन्धान गर्नु, दोषी देखिए कानुनी प्रक्रियामा ल्याउनु र पीडित तथा परिवारलाई न्यायको अनुभूति दिलाउनु राज्यको मूल दायित्व हो। विशेषगरी कर्तव्यमा खटिएका सुरक्षा कर्मचारीको ज्यान जाने घटनामा अनुसन्धान कमजोर भयो वा दोषी उम्कियो भने त्यसले सुरक्षा निकायको मनोबलमा समेत नकारात्मक असर पार्न सक्छ।

सिरहाको यो घटनाले राज्यलाई स्पष्ट पाठ दिएको छ। अपराधमा संलग्न व्यक्तिलाई कुनै पनि बहानामा उन्मुक्ति दिनु हुँदैन, तर कानुनी कारबाही पनि प्रमाण, निष्पक्षता र न्यायिक प्रक्रियाअनुसार नै हुनुपर्छ। २२ महिनापछि भएको पक्राउलाई अन्तिम उपलब्धि होइन, न्यायिक प्रक्रियाको एउटा चरणका रूपमा लिनुपर्छ। घटनामा संलग्न अन्य व्यक्तिको खोजी, प्रमाणको संरक्षण र निष्पक्ष अनुसन्धानलाई तीव्रता दिइनुपर्छ। कानुनको डर र न्यायप्रतिको विश्वास कायम रह्यो भने मात्रै समाजमा अपराध नियन्त्रण सम्भव हुन्छ। त्यसैले सिरहाको यो घटनामा राज्यले एउटा स्पष्ट सन्देश दिन सक्नुपर्छ। अपराध गरेर भागे पनि कानुनबाट भाग्न सकिँदैन्। र, भाग्न दिनु हुँदैन। कानूनी कारबाहीको अर्को विकल्प अरु हुन सक्दैन्।

### छात्रावासबाट भागेको भन्दै ११ वर्षीय ..........

ल्याइएको थियो।

साहले बालकलाई 'सामान्य रूपमा तर्साउन' एक-दुई लट्ठीले कुटेको स्वीकार गरे। तर, बालकका अभिभावकले भने विद्यालयमा बालकमाथि गम्भीर रूपमा कुटपिट गर्नुका साथै बाँधेर राखिएको आरोप लगाएका छन्।

बालकले समेत आफूलाई बाँधेर घोप्टो पारेर फलामे छड र प्लास्टिकको पाइपले कुटेको बताएको परिवारजनको भनाइ छ। घटनापछि परिवारजनले बालकलाई घर लगेर उपचार गराइरहेका छन्।

बालबालिकालाई अनुशासनमा राख्ने नाममा निजी विद्यालयमा कुटपिट तथा शारीरिक दण्डका घटना हुने गरेको अधिकारकर्मीहरूको भनाइ छ। यस्ता घटनाप्रति सम्बन्धित निकायको प्रभावकारी निगरानी नहुँदा बालबालिकामाथि हुने हिंसा नियन्त्रणमा चुनौती रहेको उनीहरूको भनाइ छ।

बालबालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटनामा सम्बन्धित निकायले प्रभावकारी निगरानी, अनुसन्धान र आवश्यक कानुनी प्रक्रिया अघि बढाउनुपर्ने अधिकारकर्मीहरूले माग गरेका छन्।

**गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं**

- **प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।**
- **अत्यधिक घाममा लामो समयसम्म नबसौं।**
- **चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।**
- **जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।**
- **बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।**
- **तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।**
- **घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

## आजको राशिफल

**मेष :** भाग्यले साथ दिने दिन भएकाले रोकिएका कामहरूले तीव्र गतिमा पूर्णता पाउनेछन्।

**बृष :** अचानक आइपर्ने सानातिना चुनौती र बाधा-अवरोधहरूले मनमा केही चिन्ता थप्न सक्छ।

**मिथुन :** व्यापारिक साझेदारी र दाम्पत्य जीवनमा प्रगाढता आउनेछ। कोर्ट-कचहरी वा कानुनी मामिलामा सफलता हात पर्नेछ।

**कर्कट :** तपाईंको मिहिनेत र पराक्रमको उच्च मूल्याङ्कन हुँदा सहकर्मी तथा हाकिमहरू खुसी हुनेछन्।

**सिंह :** बौद्धिक तथा सिर्जनात्मक क्षमतामा वृद्धि हुनेछ। सन्तान पक्षबाट कुनै सुखद् समाचार सुन्न पाउँदा मन प्रसन्न रहनेछ।

**कन्या :** घरायसी वातावरणमा केही असमझदारी वा खटपट उत्पन्न हुन सक्ने भएकाले घरपरिवारमा बोल्दा संयम अपनाउनुहोला।

**तुला :** आत्मविश्वास उच्च रहनेछ र पराक्रममा वृद्धि हुनेछ। छोटो तथा लाभदायक यात्राको योग रहेको छ।

**वृश्चिक :** वाणीको प्रभावले रोकिएका महत्त्वपूर्ण कार्यहरू बन्नेछन्। पारिवारिक जमघटमा मिठो भोजन गर्ने अवसर जुर्नेछ।

**धनु :** आज चन्द्रमा तपाईंकै राशिमा रहने हुनाले आत्मविश्वास, उत्साह र उमङ्ग भरिपूर्ण रहनेछ।

**मकर :** अनावश्यक खर्च र भागदौड बढ्ने सम्भावना रहेको छ। स्वास्थ्यमा सामान्य थकान महसुस हुन सक्नेछ।

**कुम्भ :** विभिन्न स्रोतहरूबाट आकस्मिक धन लाभ हुने प्रबल योग रहेको छ।

**मीन :** करियर र व्यवसायको क्षेत्रमा ठूलो सफलता हात पार्ने दिन छ। कार्यक्षेत्रमा तपाईंको कार्यशैलीको उच्च प्रशंसा हुनेछ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# २२ महिनापछि सई यादव हत्याका मुख्य अभियुक्त पक्राउ, परिवारमा जाग्यो न्यायको आशा



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०४ गते**

सशस्त्र प्रहरीका सई लक्ष्मणप्रसाद यादवको हत्या भएको २२ महिनापछि प्रहरीले घटनाका मुख्य अभियुक्तलाई पक्राउ गरेपछि परिवारमा न्यायको आशा फेरि जागेको छ।

भारतबाट नेपालतर्फ भइरहेको मदिरा तस्करी रोक्ने क्रममा २०८१ मंसिर १६ गते हत्या गरिएका सई यादवका परिवारले मुख्य अभियुक्त पक्राउको खबरले लामो समयदेखि टुटेको आशा पुनः जागेको बताएका छन्।

यादवका दाइ पाण्डव यादवले भाइको हत्यामा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गर्न सक्छ कि सक्दैन भन्नेमा आशंका उत्पन्न भइसकेको अवस्थामा मुख्य अभियुक्त पक्राउ परेपछि न्याय पाउने आशा जागेको बताउनुभयो।

'हाम्रो आशा-भरोसा सबै टुटिसकेको थियो । भाइको हत्यामा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गर्न सक्छ कि सक्दैन भन्ने लाग्न थालेको थियो। तर २२ महिनापछि मुख्य अभियुक्त पक्राउ परेपछि टुटिसकेको आशा फेरि जागेको छ,' उहाँले भन्नुभयो।

उहाँले मुख्य अभियुक्त पक्राउ परेको खबरले परिवारलाई ठूलो राहत मिलेको बताउँदै घटनामा संलग्न अन्य व्यक्तिलाई पनि पक्राउ गरी न्याय दिलाउन आग्रह गर्नुभयो।

यादवका सालो रञ्जित यादवले पनि मुख्य अभियुक्त पक्राउसँगै परिवारको न्यायप्रतिको आशा बलियो भएको बताउनुभयो।

'नागरिक अन्यायमा पर्दा प्रहरीले सुरक्षा दिन्छ र अन्याय गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउँछ। तर प्रहरीको नै हत्या हुँदा नागरिक र प्रहरीबीचको विश्वासमा असर पर्न सक्छ,' उहाँले भन्नुभयो, '२२ महिनापछि मुख्य अभियुक्त पक्राउ पर्दा मरेजस्तै भएको हाम्रो आशा फेरि जागेको छ।'

उहाँले घटनामा संलग्न सबै व्यक्तिलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन राज्यसँग आग्रह गर्नुभयो।

**मदिरा तस्करी रोक्ने क्रममा भएको थियो हत्या**

भारतबाट नेपालतर्फ मदिरा तस्करी भइरहेको सूचनाका आधारमा २०८१ मंसिर १६ गते बिहान करिब ३ बजे बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरीको टोली खटिएको थियो।

बीओपी बडहरी बरियारपट्टीबाट सई यादवको नेतृत्वमा खटिएको टोलीले डीएल ५ सीजे ७१७१ नम्बरको टाटा सफारी रोक्न खोजेको थियो। प्रहरीका अनुसार गाडीका चालकले ड्युटीमा रहेका सई यादवलाई ठक्कर दिएर फरार भएका थिए।

गम्भीर घाइते यादवको उपचारका क्रममा मृत्यु भएको थियो। घटनापछि गाडीमा सवार व्यक्तिहरू फरार भएका थिए । त्यसपछि प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको खोजी तथा अनुसन्धान अघि बढाएको थियो।

**२२ महिनापछि मुख्य अभियुक्त पक्राउ**

घटनाको २२ महिनापछि प्रहरीले भारत बिहारको मधुवनी जिल्ला, ललबनियाँ थाना, घोडमोहना गाउँका ३७ वर्षीय मोहम्मद कुरवान मंसुरीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार कुरवानलाई शनिबार बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको हो। प्रहरीका अनुसार उनी घटनामा प्रयोग भएको टाटा सफारीका धनी तथा चालक हुन्।

कुरवानसहित तीन जना सीमा क्षेत्रबाट भाग्न खोजेपछि इलाका प्रहरी कार्यालय महेशपुरपतारबाट प्रहरी निरीक्षक विशाल मल्लको कमान्डमा खटिएको टोलीले उनीहरूलाई

बाँकी पृष्ठ ४ ▶▶

# कमला पुलको निर्माणले पायो गति, दुई महिनाभित्र सञ्चालन गर्ने तयारी



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०४ गते**

१५ वर्षदेखि रुग्ण आयोजनाका रूपमा रहेको सिरहा-धनुषा जोड्ने कमला नदीको पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

मधेशको 'मेरुदण्ड' मानिने हुलाकी राजमार्गअन्तर्गत निर्माणाधीन पुलको बाँकी कामले पछिल्लो समय गति लिएको हो। ठेकेदार कम्पनी र बीमा कम्पनीबीचको कानुनी विवादका कारण लामो समयदेखि रोकिएको आयोजना आवश्यक सहजीकरणपछि अघि बढेको हो।

नदीमा भाँचिएको दशौं नम्बरको पिलर उठाउने तथा सब-स्ट्रक्चरको ढलान गर्ने काम सम्पन्न भइसकेको छ । फाउन्डेसनसहित तीनवटा पिलरको सबलीकरण पनि पूरा भएको छ। अब सुपर-स्ट्रक्चरको स्ल्याबमाथि ढलान गर्ने काम मात्र बाँकी रहेको जनाइएको छ।

नदीमा पानीको सतह घटेपछि आगामी साताबाट बाँकी काम पूरा गर्ने तयारी गरिएको छ। धनुषातर्फको पहुँच सडकमा वर्षाका कारण क्षति पुगेकाले पुनः माटो भर्ने काम गर्नुपर्नेछ भने सिरहातर्फको पहुँच सडक निर्माण सम्पन्न भइसकेको छ। पुलको लोड परीक्षणसमेत सम्पन्न भएको छ।

आगामी दुई महिनाभित्र पुललाई औपचारिक रूपमा सञ्चालनमा ल्याउने गरी निर्माण अघि बढाइएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ।

२०७८ साल असारमा उद्घाटनको तयारी भइरहेका बेला पुलको पिलर भाँचिएपछि आयोजना रुग्ण बनेको

बाँकी पृष्ठ ४ ▶▶

## उद्योगीलाई अप्ठेरो पर्दा मधेश सरकार साथमै हुन्छ .............

संवाद र सहकार्यका लागि तयार रहेको उनको भनाइ छ।

"सरकार कर असुल्नका लागि मात्रै होइन, व्यवसायीलाई अप्ठेरो परेको समयमा अभिभावकको भूमिकामा पनि उभिनुपर्छ," मन्त्री भट्टराईले भने।

उनले व्यवसायीहरूको मागअनुसार इँटामा लगाइएको प्रतिइँटा करको व्यवस्थालाई संशोधन गरी प्रतिउद्योग कर लगाउने विषय सम्बोधन गरिएको उल्लेख गरे। अझै पनि व्यवसायीका समस्या रहेको भए मन्त्रालयमा छलफल गरी समाधानका उपाय खोज्न सरकार तयार रहेको उनले बताए।

प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका विषय प्रदेशबाटै सम्बोधन गर्ने र सङ्घीय सरकारसँग समन्वय गर्नुपर्ने विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता पनि मन्त्री भट्टराईले व्यक्त गरे।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले मधेशमा हुने विकास निर्माणका काममा स्थानीय रूपमा उत्पादित इँटाको प्रयोग बढाउन सरकारले पहल गर्नुपर्ने बताए । मधेशको माटो इँटा उत्पादनका लागि उपयुक्त रहेको उल्लेख गर्दै उनले विकास निर्माणमा ढुङ्गाको प्रयोग घटाएर इँटाको प्रयोगलाई प्राथमिकता दिन प्राविधिकहरूसँग आग्रह गरे।

नेपाल इँटामा आत्मनिर्भर रहेको भन्दै नगरप्रमुख साहले स्वदेशी इँटा उद्योगलाई सबल बनाउन सरकारको थप पहल आवश्यक रहेको बताए।

साधारणसभामा सहभागी इँटा उद्योगीहरूले भने कोरोना महामारीपछि इँटा व्यवसाय निरन्तर सङ्कटमा पर्दै गएको बताएका छन्। उनीहरूका अनुसार नेपालमा कुनै समय करिब १ हजार ३ सय इँटा उद्योग सञ्चालनमा रहेकामा अहिले करिब ७ सय २० उद्योगमा सीमित भएका छन्। सञ्चालनमा रहेका उद्योगलाई टिकाइराख्न सरकारले आवश्यक सहयोग गर्नुपर्ने उनीहरूको माग छ।

उद्योगीहरूले इँटा उत्पादनका लागि आवश्यक माटो र कोइला आपूर्तिमा सहज वातावरण बनाउन सरकारसँग आग्रह गरेका छन्। कच्चा पदार्थको अभाव र बढ्दो लागतका कारण उद्योग सञ्चालनमा चुनौती थपिएको उनीहरूको भनाइ छ।

महासङ्घका मधेश प्रदेश अध्यक्ष विक्रमकुमार साहले मधेशका इँटा उद्योगले देशका चार प्रदेशमा इँटा आपूर्ति गर्दै आएको बताए। मधेशमा कुनै समय ७ सयभन्दा बढी इँटा उद्योग सञ्चालनमा रहे पनि अहिले यो सङ्ख्या घटेर करिब ३२० मा सीमित भएको उनले जानकारी दिए।

## जनकपुरधाम अब संरक्षित स्मारक .............

गरेर जनकपुरधामलाई धार्मिक तथा पर्यटकीय नगरीका रूपमा विकास गर्ने बताए।

**अतिक्रमण र प्रदूषण नियन्त्रण मुख्य चुनौती**

संरक्षित क्षेत्र घोषणा कागजमा मात्र सीमित नहोस् भन्नका लागि स्थानीय तह र प्रदेश सरकारले ठोस कदम चाल्न आवश्यक देखिन्छ। आवश्यक पहलको थालनी गरी तोकिएका मापदण्ड कार्यान्वयन गराउन सबै पक्षबीच सहकार्य आवश्यक हुनेछ।

अब मन्दिर तथा सार्वजनिक पोखरी आसपासका क्षेत्रमा भएका अवैध अतिक्रमण हटाउनुपर्ने, धार्मिक तथा पर्यटकीय क्षेत्रमा फोहोरमैला र ध्वनि प्रदूषण नियन्त्रणका लागि कडा नियम लागू गर्नुपर्ने देखिन्छ। यस्ता विषयले जनकपुरधामको धार्मिक तथा सांस्कृतिक वातावरणमा समस्या निम्त्याउने गरेको छ।

जनकपुरधामका पोखरीहरूको सौन्दर्यीकरणका लागि ठोस र योजनाबद्ध विकास गर्न सके सहरको सौन्दर्य थप बढ्नेछ।

संरक्षित क्षेत्र घोषणा भएपछि विश्व सम्पदा सूचीमा सूचीकृत हुन आवश्यक आधारभूमि तयार हुने भए पनि यसको कार्यान्वयन सबैको सहयोगबाट मात्रै सम्भव हुने साहित्यकार श्यामसुन्दर शशिको भनाइ छ । त्यसका लागि सबै निकायबीच समन्वय आवश्यक रहेको उनले बताए।

जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्ववरिष्ठ उपाध्यक्ष जितेन्द्रप्रसाद साहले सरकारको निर्णयसँगै जनकपुरधाममा पर्यटकीय गतिविधि बढ्ने बताए। जनकपुरधामको प्रचारप्रसार अन्तर्राष्ट्रिय स्तरमा हुने भएपछि पर्यटकको आगमनसमेत बढ्ने उनको भनाइ छ।






अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# दुई महिनामा १ लाख ३० हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०४ गते**

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामा १ लाख ३० हजार ४८३ नेपालीले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिएका छन्।

वैदेशिक रोजगार विभागका अनुसार साउनमा ७० हजार ४४१ र भदौमा ६० हजार ४२ जनाले श्रम स्वीकृति लिएका हुन्। साउनको तुलनामा भदौमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या घटेको छ।

भदौमा श्रम स्वीकृति लिनेमा ५१ हजार ८४३ पुरुष र ८ हजार १९९ महिला छन्। तीमध्ये ३५ हजार ६२७ जना पहिलोपटक वैदेशिक रोजगारीमा जानका लागि नयाँ श्रम स्वीकृति लिनेहरू हुन् भने २४ हजार ४१५ जनाले बिदामा नेपाल आएर पुनः श्रम स्वीकृति लिएका छन्।

भदौमा नेपाली श्रमिकको प्रमुख गन्तव्य संयुक्त अरब इमिरेट्स (यूएई) बनेको छ। यूएईका लागि १५ हजार ५४२ पुरुष र २ हजार ९३५ महिलासहित १८ हजार ४७७ जनाले श्रम स्वीकृति लिएका छन्।

त्यसपछि कतारका लागि १० हजार ४७१, मलेसियाका लागि ८ हजार ९१, साउदी अरेबियाका लागि ६ हजार ७८७ र कुवेतका लागि ३ हजार ८९८ जनाले श्रम स्वीकृति लिएका छन्।

युरोपेली गन्तव्यतर्फ रोमानियाका लागि १ हजार ७९३ र जापानका लागि १ हजार १३० जनाले श्रम स्वीकृति लिएका छन्। ओमानका लागि १ हजार ९५ तथा दक्षिण कोरियाका लागि सरकारी प्रक्रियाबाट जाने ७८९ सहित कुल ९०३ जनाले श्रम स्वीकृति पाएका छन्।

जिल्लागत विवरणमा मधेश र कोशी प्रदेशका जिल्लाबाट वैदेशिक रोजगारीमा जानेको संख्या तुलनात्मक




रूपमा बढी देखिएको छ।

सबैभन्दा धेरै धनुषाका ३ हजार १६ जनाले श्रम स्वीकृति लिएका छन्। झापाबाट २ हजार ७१६, मोरङबाट २ हजार ६९०, सिरहाबाट २ हजार ३४९, महोत्तरीबाट २ हजार २८१, सुनसरीबाट २ हजार २२६ र रुपन्देहीबाट २ हजार १० जनाले श्रम स्वीकृति लिएका छन्।

हिमाली जिल्लाबाट भने वैदेशिक रोजगारीमा जानेको संख्या न्यून छ। भदौमा मनाङबाट १३, मुस्ताङबाट २३ र हुम्लाबाट ३७ जनाले मात्र श्रम स्वीकृति लिएका छन्।

भदौमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेमध्ये दक्ष श्रमिकको हिस्सा आधाभन्दा बढी छ। विभागका अनुसार कुल श्रम स्वीकृति लिनेमध्ये ५६.९ प्रतिशत अर्थात् ३४ हजार १६७ जना दक्ष श्रमिक छन्।

यसैगरी १६ हजार ५८ जना अदक्ष, ९ हजार ४६६ जना अर्धदक्ष, २७१ जना व्यावसायिक र ८० जना उच्च दक्ष जनशक्ति रहेका छन्।

नयाँ श्रम स्वीकृति लिनेहरूमध्ये २५ हजार ४१५ जना म्यानपावर कम्पनीमार्फत र ९ हजार २२४ जनाले व्यक्तिगत प्रक्रियाबाट श्रम स्वीकृति लिएका छन्।

# पर्यावरणलाई प्राथमिकतामा राखेर बजेट बनाउनुपर्छः सभामुख यादव

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ०४ गते**

मधेश प्रदेशका सभामुख रामअशिष यादवले तीनवटै तहका सरकारले सामाजिक, आर्थिकसँगै पर्यावरणलाई प्राथमिकतामा राखेर बजेट निर्माण गर्नुपर्ने बताएका छन्।

आइतबार जनकपुरधाममा एक्सन एडको सहयोगमा रतौली युवा क्लबले आयोजना गरेको 'मधेश प्रदेश वित्तीय संवाद २०८३-८४' को समापन समारोहमा बोल्दै सभामुख यादवले बजेटका तीन प्रमुख आधार सामाजिक, आर्थिक र पर्यावरण क्षेत्र भएकाले यी विषयलाई समेटेर बजेट बनाउनुपर्ने बताए।

उनले संघीयताका कारण देशमा आर्थिक भार बढेको भन्ने धारणा गलत रहेको उल्लेख गर्दै कुल बजेटको करिब ३० प्रतिशत मात्र प्रदेश र स्थानीय तहले पाउने र ७० प्रतिशत बजेट संघ सरकारमै रहने बताए।

प्रदेशसभा सदस्य अनिताकुमारी साहले असार महिनामा बढी बजेट खर्च गर्ने प्रवृत्ति अन्त्य गरी आर्थिक वर्षको सुरुदेखि नै पुँजीगत खर्च अघि बढाउनुपर्ने बताइन्।

नीति तथा योजना आयोगका सदस्य नवलकिशोर यादवले वित्तीय




सुशासन कायम गर्न फजुल खर्च कटौती गर्दै चालु आर्थिक वर्षदेखि टेन्डर प्रक्रियामार्फत काम अघि बढाइएको बताए।

कार्यक्रमका सहभागीहरूले बजेटको आकार बढ्दै गए पनि शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा तथा सीमान्तकृत समुदायको जीवनस्तरमा अपेक्षित सुधार नदेखिएको भन्दै बजेट विनियोजनमा यी क्षेत्रलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए।

## २२ महिनापछि सई यादव हत्याका मुख्य अभियुक्त पक्राउ ..........

नियन्त्रणमा लिन खोजेको थियो।

त्यस क्रममा प्रहरीलाई लक्षित गरी एक राउन्ड गोली चलाइएको र जवाफी कारवाहीमा प्रहरीले तीन राउन्ड गोली चलाएको प्रहरीको भनाइ छ। प्रहरीको गोली लागेर कुरवानको बायाँ हातको कुहिना र दाहिने खुट्टाको घुँडामा चोट लागेको थियो।

पक्राउ परेका कुरवानलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा ल्याइएको थियो। उनको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

**'फरार व्यक्तिलाई पनि चाँडै पक्राउ गर्छौं'**

मुख्य अभियुक्त पक्राउपछि शनिबार जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठक, सशस्त्र प्रहरीका एसपी सुमनजंग थापालगायत सुरक्षा निकायका अधिकारी यादवको घर पुगेका थिए।

परिवारसँगको भेटमा उनीहरूले घटनामा संलग्न सबै व्यक्तिलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएका थिए।

एसपी पाठकले घटनामा संलग्न सबैलाई कानुनी दायरामा ल्याएर पीडित परिवारलाई न्याय दिलाउन प्रहरी प्रतिबद्ध रहेको बताउनुभयो।

'मुख्य अभियुक्तलाई प्रहरीले २२ महिनापछि पक्राउ गरिसकेको छ। घटनामा संलग्न अर्का एक जना अझै फरार छन्। उनको पनि खोजी भइरहेको छ,' पाठकले भन्नुभयो, 'चाँडै पक्राउ गरी कानुनी दायरामा ल्याउँछौं र पीडित परिवारलाई न्याय दिलाउँछौं।'

मुख्य अभियुक्त पक्राउसँगै प्रहरीले घटनाको अनुसन्धान थप अघि बढाएको जनाएको छ। फरार रहेका अन्य व्यक्तिको खोजीसमेत भइरहेको प्रहरीले जनाएको छ।

# घरमा भण्डारण गरेको २१ क्विन्टलभन्दा बढी गाँजासहित दुई जना पक्राउ

**अपन दैनिक संवाददाता**
**राजविराज, असोज ०४ गते**

सप्तरीको डाक्नेश्वरी नगरपालिका-६, फत्तेपुर टोलबाट २१ क्विन्टलभन्दा बढी लागुऔषध गाँजासहित दुई जनालाई नियन्त्रणमा लिइएको छ।

गोप्य सूचनाका आधारमा शनिबार मध्यराति जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रमोदकुमार साहको नेतृत्वमा खटिएको प्रहरी टोलीले स्थानीयको घरमा खानतलासी गर्दा उक्त गाँजा बरामद भएको हो।

गाँजा भण्डारण गरेको आरोपमा स्थानीय ७४ वर्षीय भोला सदा र ५६ वर्षीय मंगल मुखियालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसपी) हेमराज घिमिरेले जानकारी दिए।

उनका अनुसार सदाको घरबाट ५६ वटा पोकामा १ हजार ८ सय ३८.८७० किलोग्राम र मुखियाको घरबाट ८ वटा पोकामा २ सय ६१.५०० किलोग्राम गरी जम्मा २१ क्विन्टल ३७ किलोग्राम गाँजा बरामद गरिएको हो।

तर, गाँजा कहाँबाट ल्याएर त्यहाँसम्म पुऱ्याएको तथा ओसारपसारमा अन्य को-को संलग्न रहेको भन्ने विषय खुल्न सकेको छैन।

स्थानीयका अनुसार पक्राउ परेका व्यक्तिहरूले आर्थिक लोभमा परेर घरमा गाँजा भण्डारण गर्दै आएका थिए। प्रहरीले त्यस विषयमा थप अनुसन्धान भइरहेको जनाएको छ।

## किन तानिए सिरहाका सिडिओ ............

गरेको विवरण सार्वजनिक भएको छ।

छानबिन समितिले निष्कर्षअनुसार गोलबजार घटनामा सुरक्षाकर्मीले चलाएको गोलीबाट गणेश यादवको मृत्यु भएको र घटनास्थलमा गोली चलेको विषयमा सुरक्षा परिचालन तथा कमान्ड संरचनाको समेत अध्ययन गरिएको थियो।

समितिको प्रतिवेदन औपचारिक रूपमा सार्वजनिक गरिएको छैन। त्यसैले पौडेलसहितका अधिकारीमाथि सिफारिस गरिएको कारबाहीको विस्तृत आधार र प्रकृति भने सार्वजनिक विवरणबाट पूर्ण रूपमा स्पष्ट भएको छैन।

**सिरहामा नयाँ सीडीओ पठाउने तयारी**

पौडेललाई गृह मन्त्रालय तानेसँगै सिरहामा नयाँ प्रमुख जिल्ला अधिकारी पठाउने तयारीसमेत अघि बढाइएको छ। त्यसका लागि उपयुक्त सहसचिवको खोजी भइरहेको गृह मन्त्रालय स्रोतले जनाएको छ।

यसैबीच गृह मन्त्रालयले सहसचिव सुरेश पन्थीलाई कर्मचारी प्रशासन महाशाखाको जिम्मेवारी दिएको छ। पन्थीले यसअघि विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा सम्हाल्दै आएका थिए। उनको पुरानो जिम्मेवारी अर्का सहसचिवलाई दिने तयारी भइरहेको मन्त्रालय स्रोतले जनाएको छ।

पछिल्लो पटक गृह मन्त्रालयमा सरुवा भएर आएका सहसचिव एकदेव अधिकारी र मोतिराम सापकोटाले पनि हालसम्म जिम्मेवारी पाएका छैनन्। मन्त्रालयमा सहसचिवहरूको जिम्मेवारी हेरफेरसँगै विभिन्न महाशाखा तथा प्रमुख जिल्ला अधिकारीहरूको व्यवस्थापनमा थप फेरबदलको तयारी भइरहेको मन्त्रालय स्रोतले जनाएको छ।

## कमला पुलको ..........

थियो। २०६८ सालमा पप्पु-लुम्बिनी जेभीले पुल निर्माणको ठेक्का लिएको थियो।

यसैबीच, कमला नदी नियन्त्रणको कामसमेत अघि बढाइएको छ। सरकारले नदी नियन्त्रणका लागि २५ करोड रुपैयाँ बजेट सुनिश्चित गरेको छ। नदी नियन्त्रणका लागि आह्वान गरिएको टेन्डरमा १९ वटा कम्पनी सहभागी भएका छन्। आगामी साता प्राविधिक मूल्याङ्कन सम्पन्न गरी आर्थिक प्रस्ताव खोल्ने तयारी गरिएको मन्त्रालयले जनाएको छ।

## मधेशमा आत्महत्याका घटना ............

अधिकांशले भुण्डिएर र विष सेवनलाई आत्महत्याको माध्यम बनाउँदै आएका प्रदेश प्रहरी कार्यालयले जनाएको छ। चालु आव २०८३/८४ को साउनमा ८८ र भदौमा १६२ गरी दुई महिनाको अवधिमा २५० जनाले आत्महत्या गरेका मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिए।

उनका अनुसार सो अवधिमा सबैभन्दा बढी सिरहा र बारामा ४६/४६, सप्तरीमा ३९, रौतहटमा ३०, धनुषा र महोत्तरीमा २४/२४, सर्लाहीमा २१ र पर्सामा २० जनाले आत्महत्या गरेका छन्।

यसरी अत्यधिक वृद्धि भएको आत्महत्याको ठोस कारण यकिन गर्न नसके पनि घरायसी विवाद, प्रेममा असफलता, गरिबी, बेरोजगारी र जीवनको दुःख कष्ट सहन नसकेरलगायत रहेका बुद्धिजीविहरू बताउँछन्।

उमेरको हिसाबले १६ वर्ष मुनिदेखि ७० वर्षसम्मका वृद्धवृद्धाले आत्महत्या गर्दै आएका छन्। आत्महत्या गर्नेहरूमा १८ वर्षदेखि ४० वर्षबीचको संख्या बढी रहेको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले बताए। त्यस्तै, पुरुषको तुलनामा महिलाले बढी आत्महत्या गर्ने गरेका उनको भनाइ छ।

महिलामाथि हिंसा बढी हुने गरेकाले पनि पुरुषको तुलनामा बढी आत्महत्या गर्ने गरेका महिला अधिकारकर्मी सरस्वती मण्डलले बताइन्। "आत्महत्या गर्नेमा सामान्य आर्थिक अवस्थाका व्यक्ति बढी छन्। यसपछि न्यून आय भएका व्यक्तिको संलग्नता पाइँदैन", उनले भनिन्।

अधिकांशले भुण्डिएर र विष पिएर आत्महत्या गर्ने गरेका भन्दै प्रहरी वरिष्ठ उपरीक्षक ढकालले केहीले हाम फालेर आत्महत्या गर्ने गरेको उल्लेख गरे। यसरी सामान्य विवादमा पनि विष पिएर आत्महत्या गर्ने प्रवृत्ति समाजका लागि चुनौतीको विषय बनेको स्थानीय बुद्धिजीविहरूको भनाइ छ।

स्थानीय बुद्धिजीवि एवं नागरिक समाजका अगुवा रामकुमार साहले भने, "यस किसिमको अपराधको विषयमा समाजका सबै पक्ष गम्भीर बनेर समस्या समाधानमा एकजुट हुनुपर्छ। नभए यो समाजका लागि ठूलो चुनौतीको रूपमा खडा हुन सक्छ।" सबै पक्षले यसलाई गम्भीर रूपमा लिई मनोसामाजिक परामर्श तथा मनोचिकित्सक सेवा सञ्चालन गर्नुपर्ने उनको भनाइ छ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

